# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ रिब्दीकोट वैशाख १४, २०८१ साल संख्याः २**

**भाग -२**


## रिब्दीकोट गाउँपालिका

रिब्दीकोट गाउंपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन २०७९ को दफा ५ उपदफा २ बमोजिम गाउँकार्यपालिकाले रिब्दीकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।०५

**प्रस्तावना :**

रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र सफा र स्वस्थकर खानेपानीको पहुँच सबै गाउँबासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानीको मुल दर्ता एवम् खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको गठनसम्बन्धी व्यवस्था गर्न बाञ्छनीय भएकोले रिब्दीकोट गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन २०७९ को दफा ५ उपदफा २ बमोजिम "रिब्दीकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता कार्यविधि, २०८०" तयार गरिएको छ ।

१. **संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :**

क) यस कार्यविधिको नाम 'रिब्दीकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८०' रहेको छ ।

ख) यो कार्यविधि रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

ग) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) 'अध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख) 'उपाध्यक्ष' भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

ग) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

घ) 'खानेपानी' भन्नाले पिउने स्वच्छ पानी सम्झनुपर्छ ।

ङ) 'समिति' भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनुपर्छ ।

च) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **निर्देशक समिति सम्बन्धि व्यवस्था :**

खानेपानीको मुहान दर्ता गर्ने प्रयोजनको लागि देहाय बमोजिम हुने गरी गाउँपालिकास्तरीय मुहान दर्ता निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |

| | |
|---|---|
| गाउँपालिका भित्रका खानेपानी उपभोक्ता समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेका | २ जना सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्राविधिका शाखा प्रमुख | सदस्य-सचिव |

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

क) गाउँपालिका क्षेत्रभित्र तत्काल मुल दर्ता गर्न सिफारिश गर्ने ।

ख) ऐन अनुसार गर्नुपर्ने कामको समिक्षा गर्ने ।

ग) खानेपानी मुल सरसफाईको लागि खानेपानी उ.स.लाई आवश्यक जनचेतना जगाउने ।

घ) खानेपानी उ.स.समितिलाई कम्तीमा १ वर्षमा १ पटक बैठक बोलाउने ।

ङ) खानेपानी उ.स.लाई काम, कर्तव्य र अधिकार बारे बेला बेलामा तालिमको आयोजना गर्ने ।

५. **बैठक तथा सेवा सुविधा**

क) बैठक: कम्तिमा ३ महिनाको एक पटक बस्नेछ ।

ख) सेवा सुविधा: यो कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीले कार्यक्रमसँग सम्बन्धित बैठक बाहेक अन्य प्रयोजनको लागि कुनै मौद्रिक सुविधा उपलब्ध गराइने छैन ।

६. **विवाद निरुपण समिति :**

खानेपानीको मुहान दर्ता सम्बन्धित कुनै विवाद भएमा सो को समाधान गर्न देहाय बमोजिमको विवाद निरुपण समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |

न्यायिक समितिका सदस्य मध्येबाट
गाउँपालिका अध्यक्षले तोकेका १ जना व्यक्ति सदस्य
प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव

७. **निवेदन दिनु पर्ने :**

मुहान दर्ता गर्न चाहने व्यक्ति, उपभोक्ता समुह, खानेपानी उपभोक्ता संस्था वा खानेपानीसँग सम्बन्धित व्यवसायीले मुहान दर्ताको प्रयोजन समेत खुलाई अनुसूची १ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न राखी गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१) वडा कार्यालयको सिफारिश,
२) मुहान भएको स्थानको स्वामित्व एकिन हुने जग्गाधनी प्रमाण पूर्जा, फिल्डबुक तथा ट्रेस नक्शा,
३) मुहानको प्रयोगबाट परापूर्व देखि उक्त मुहानको पानी प्रयोग गर्दै आएका उपभोक्तालाई असर नगर्ने भनी उपभोक्ताको आमभेलाबाट गरिएको सर्जमिन मुचुल्का,
४) समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,
५) समितिको पदाधिकारीको नाम, ठेगाना र पेशा,
६) यस अघि कुनै निकायमा सो मुहान दर्ता नभएको र भएको भए कानून बमोजिम सिर्जना हुन सक्ने समस्याको जिम्मेवार आफू स्वयं हुने स्व-घोषणा ।

८. **मुहान दर्ता सम्बन्धित अन्य प्रक्रिया :**

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन २०७९ को दफा ५ ले तोके अनुसारको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले मुहान दर्ता निर्देशक समितिमा पेश गर्नुपर्नेछ ।
२. मुहान दर्ता निर्देशक समितिले पेश भएका कागजातको जाँचबुझ र स्थलगत अनुगमन समेत गरी मुहान दर्ता

गर्न उपयुक्त देखिएमा सो को व्यहोरा समेत खुलाई मुहानको हकदाबी गर्न वा निवेदकको नाममा मुहान दर्ता गर्न नहुने कुनै आधार र कारण भए पेश गर्न अनुसूची २ बमोजिमको ढाँचामा ३५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ ।

३. यसरी सूचना प्रकाशन भएपछि दाबी वा उजूरी परे सो को किनारा नलगाई मुहान दर्ता गरिने छैन ।

४. दाबी वा उजूरी नपरेको खण्डमा निर्देशक समितिले खानेपानी मुहान दर्ता गर्ने निर्णय गर्नुपर्नेछ ।

५. मुहान दर्ताको निर्णय भइसकेपछि अनुसूची ३ बमोजिमको ढाँचामा मुहान दर्ता प्रमाण पत्र प्रदान गरिनेछ ।

६. दर्ता प्रमाण पत्र लिन तोकिए बमोजिम दस्तुर लाग्नेछ । दर्ता प्रमाण प्रत्येक वर्ष तोकिएको शुल्क तिरी नविकरण गराउन दर्तावालाको कर्तव्य हुनेछ ।

९. **विवाद समाधान :**

मुहान दर्ता सम्बन्धमा कुनै विवाद आइ परेमा विवाद समाधान समितिले विवाद समाधानको लागि आवश्यक कार्य गर्नेछ ।

१०. **मुहान उपयोग गरे बापतको शुल्क :**

मुहानको उपयोग गरेबापत दर्तावालाले तोकिए बमोजिमको शुल्क गाउँपालिकामा बुझाउनु पर्नेछ ।

११. **मुहानको संरक्षण गर्नुपर्ने :**

१. पानीको मुहान नजिकै गाउँपालिकाको स्वीकृति बिना मुहानलाई असर पर्ने गरी संरचना बनाउन पाइने छैन ।

२. मुहान तथा त्यस वरपरको वातावरणलाई कुनै किसिमले प्रदुषित गर्न पाइने छैन ।

**१२. मुहान दर्ता अवधि :**

आ.व. २०८०।०८१ देखि थालनी गरी आवश्यकताको आधारमा निरन्तर संचालन गर्न सकिनेछ ।

**१३. संशोधन तथा खारेजीः**

यो कार्यविधिमा कुनै किसिमको संशोधन तथा खारेजी गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम गर्न सकिनेछ ।

अनुसूची-१

## मुहान दर्ताका लागि दिइने निवेदनको ढाँचा

मिति :

श्रीमान् अध्यक्ष ज्यू,
रिब्दीकोट गाउँपालिका, पाल्पा ।

विषय : मुहान दर्ता सम्बन्धमा ।

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाको मुहान दर्ता सम्बन्धि कार्यविधि २०८० बमोजिम देहाय बमोजिमको मुहान म/हाम्रो नाममा दर्ता गरी दिनु हुन देहाय बमोजिमको विवरण तथा आवश्यक कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

१. मुहानको नाम :
२. मुहान रहेको स्थान :
३. मुहान दर्ताको उद्देश्य :
४. उपभोग गर्ने पानीको परिमाण :

**आवश्यक कागजातहरु**

१) वडा कार्यालयको सिफारिश,
२) मुहान भएको स्थानको स्वामित्व एकिन हुने जग्गाधनी प्रमाण पूर्जा, फि(ल्डबुक तथा ट्रेस नक्शा,
३) मुहानको प्रयोगबाट परापूर्व देखि उक्त मुहानको पानी प्रयोग गर्दै आएका उपभोक्तालाई असर नगर्ने भनी उपभोक्ताको आमभेलाबाट गरिएको सर्जमिन मुचुल्का,
४) समितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,
५) समितिको पदाधिकारीको नाम, ठेगाना र पेशा,
६) यस अघि कुनै निकायमा सो मुहान दर्ता नभएको र भएको भए कानून बमोजिम सिर्जना हुन सक्ने समस्याको जिम्मेवार आफू स्वयं हुने स्व-घोषणा ।

निवेदक,
सही :
नाम :
पद :
ठेगाना :

अनुसूची-२

**मुहान दर्ता गर्न नहुने कुनै आधार र कारण सम्बन्धि सूचना**

रिब्दीकोट गाउँपालिकाको मुहान दर्ता सम्बन्धि कार्यविधि २०८० बमोजिम मुहान दर्ता निर्देशक समितिले पेश भएका कागजातको जाँचबुझ र स्थलगत अनुगमन समेत गरी मुहान दर्ता गर्न उपयुक्त देखिएमा सो को व्यहोरा समेत खुलाई मुहानको हकदाबी गर्न वा निवेदकको नाममा मुहान दर्ता गर्न नहुने कुनै आधार र कारण भए पेश गर्न आजको मिति देखि ३५ दिने सूचना प्रकाशन गर्नुपर्नेछ।

.....................................

( )

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

**मुहान दर्ता प्रमाण-पत्र**

श्री .................................. मुहानलाई रिब्दीकोट गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन २०७९ को दफा ५ उपदफा २ बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। रिब्दीकोट गाउँपालिकाको खानेपानी मुहान दर्ता सम्बन्धि कार्यविधि, २०८० बमोजिम आफ्नो कार्यसञ्चालन गर्नुहोला।

मिति : २०८....../....../.......

प्रमाणपत्र प्रदान गर्नेको

सही : ...........................

नाम, थर :.......................

पद : प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत